# अर्थ सवाल
## Artha Sawal Weekly साप्ताहिक

वर्ष ८, अंक १०, २०८० असोज ४ गते बिहिबार (21 September 2023 Thursday) मूल्य रू. १०l-









यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

काठमाडौं । मुलुकको आर्थिक अवस्थामा सुधार आएको जतिसुकै दावी गरिए पनि आम जनताले त्यसको महसुस गर्न सकेका छैनन् । अर्थतन्त्रमा सुधारको अर्थ वैदेशिक रोजगारीबाट भित्रिने रकमको बढोत्तरीलाई मात्र लिने गरिएको छ । चालू आर्थिक वर्षको दुई महिनामा वैदेशिक रोजगारीबाट भित्रिने रकममा व्यापक सुधार आएपछि सरकार यसैबाट दंगदास छ। रकम भित्रिए पनि खर्चमा भने सरकारको गति सुस्त छ। विकास निर्माणको गति यति शिथिल भएको छ कि पूँजीगत खर्च गर्ने हैसियत यसपटक पनि अघिल्लो समयको जस्तै देखिएको छ। चालू आर्थिक वर्षको पहिलो महिनाबाटै मूल्यवृद्धि अकाशिएको छ । मुलुकमा चाडबाड भित्रिसकेको अवस्थामा भैरहेको मूल्यवृद्धि र अखाद्य वस्तुको खुलेआम विक्री वितरणले आम जनताको दैनिक जति कष्टकर बनेको छ स्वास्थ्य सुरक्षामा पनि चुनौति थपिएको छ ।

चालु आर्थिक वर्षको पहिलो महिना अर्थात साउनमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धि आठ दशमलव ९५ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्यवृद्धि छ दशमलव ४२ प्रतिशत बराबर रहेको छ। गत आइतबार

बाँकी पृष्ठ ७

## संविधानमाथि पनि शैकैशंका




काठमाडौं । संविधान दिवस २०८० हिजो देशैभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । केही संघसंस्थाले भनें संविधान नेपाल र नेपालीको पक्षमा नभएको भन्दै विरोध गर्दै आएका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले २०७२ असोज ३ गते 'नेपालको संविधान २०७२' जारी भएको घोषणा गरेका थिए । संविधान जारी गर्दा संसदभित्र देखिएको उत्साह बिस्तारै सेलाउँदै गएको छ । राजसंस्था पक्षधर पार्टीका साथै मधेशकेन्द्रित पार्टीले संविधानलाई मानेका छैनन् । राजसंस्थाको पक्षमा वकालत गर्नेहरुले राजालाई स्थान नदिएकोमा विरोध गरेका छन् भनें मधेशकेन्द्रित दलहरुले पनि मधेश र मधेसी भावनाको विपरीत संविधान आएको भनेर

बाँकी पृष्ठ ७







## अर्थ सवाल साप्ताहिकका लागिः

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाई (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुइँकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

कार्यालय :
काठमाडौं. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# बेरूजुले मुलुक बर्बाद

मुलुकमा अनुशासन र सुशासनको नाजुक अवस्थाले देशको भविष्य नै अन्धकारमा पर्दै गएको छ । जिम्मेवार तहमा रहेकाहरूले सुशासनका चर्का कुरा जति गरे पनि त्यस दिशातर्फ पाइलै चाल्न सकेका छैनन् वा चाहेका छैनन् । अनुशासनहीनता र दण्डहीनतालाई सरकार, राजनीतिक दलका नेताहरूले नै प्रोत्साहित गरिरहेका कारण यस्तो अवस्था आएको हो । राष्ट्र मारेर व्यक्ति मोटाउने प्रवृत्तिले मुलुकलाई गम्भीर संकटमा धकेलिरहेको यथार्थ छ । सरकार सम्बन्धित निकायले दिएको सुझाव, निर्देशन पालना गर्नुको साटो ती निकायलाई नै कमजोर बनाउने दिशामा उद्यत भैरहेको छ । यसको ज्वलन्त उदाहरण संसद र संसदीय समिति हुन् । विशेष गरी विकास निर्माण, भ्रष्टाचार नियन्त्रण तथा आर्थिक अनुशासन पालनाका सवालमा समितिले दिएका निर्देशन पालना नहुँदा भ्रष्टाचार अरू मौलाउँदो छ र भ्रष्टाचारकै कारण मुलुकको बेरूजुले आकाश छुन लागेको छ । हरेक वर्ष बेरूजुको आँकडा खर्बका दरले बढेको छ । गत आर्थिक वर्ष २०७९।०८० सम्म मुलुकको कुल बेरूजु ९ खर्ब ६० अर्ब रूपैयाँ पुगेको छ । यस्तो बेरूजु आर्थिक वर्ष २०७७/७८ सम्म ८ खर्ब २९ अर्ब रूपैयाँ थियो । आर्थिक वर्ष २०७८/७९ मा १ खर्ब १९ अर्ब थप भएको हो । आर्थिक वर्ष २०७६/७७ सम्म बेरूजु र कुल बक्यौता रकम ६ खर्ब ६४ अर्ब रूपैयाँ मात्र थियो । दुई वर्षको अवधिमा कुल बेरूजु र बक्यौता रकम झण्डै ३ खर्ब बढेर ९ खर्ब ६० अर्ब रूपैयाँ पुगेको हो ।

बेरूजु उठाउन महालेखा परीक्षकको कार्यालयले सुझाव दिइरहेको हुन्छ भने संसदको सार्वजनिक लेखा समितिले सरकारलाई निर्देशन नै दिने गरेको छ । हरेक वर्ष महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिक भएपछि संसदीय समितिले सरकारलाई निर्देशन दिन्छ । तर, त्यो निर्देशन पालना हुँदैन । संसदीय समितिको काम केवल निर्देशन दिने मात्र भएको छ । सरकारमा बस्नेहरूले संसदको निर्देशन पालना गर्नु आफ्नो अपमान हुने ठान्ने गरेका कारण ठुला ठुला भ्रष्टाचारका काण्डहरू ओझेलमा परेका छन् । मुलुकमा भएका तमाम विकृति, विसंगति र बेथितिहरूको छानबिन र अध्ययन गरी कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिने संसदीय समितिहरूको सुझाव पालनामा कुनै चासो नदिइएका बेला प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखासमितिले बेरूजु फछर्यौटका सम्बन्धमा यसअघि दिएका निर्देशनको अवस्थाबारे सरकार र महालेखा परीक्षकको कार्यालयसँग जानकारी लिने भएको छ । त्यस्तै बेरूजु अध्ययन र विश्लेषण गर्न नौ वटा विषयगत उपसमिति समेत गठन गर्ने निर्णय गरेको छ । संसदले चाह्यो भने सरकारलाई दह्रोसंग अंकुश लगाउन सक्छ । यसपटकको संसदमा पार्टीका नेताले जे भन्यो त्यही मान्ने मात्र छैनन्, नयाँ र युवा जोश भएका सांसदहरूको संख्या प्रशस्तै रहेका संसद प्रभावकारी देखिंदै गएको छ । यस्तोमा बेरूजु तथा भ्रष्टाचारका फायलहरू समितिहरूले खोलेर कारबाहीका लागि निर्देशन दिने मात्र होइन, सम्बन्धित निकायमा बुझाउने कामसमेत हुनुपर्छ भन्ने आम अपेक्षा छ । बेरूजु उठ्तीमा संसदीय समितिले लिन लागेको पहलले निराशाका बिच केही आशाको संचार गराएको छ ।

बेरूजुको जुन चाङ छ यसले दिएको सन्देश भनेको बढ्दो अनुशासनहीनता नै हो । आर्थिक अनुशासनहीनता बढ्दै गएको र यसलाई राज्यले नै संरक्षण गरेको छ भन्नुमा कुनै आपत्ति हुँदैन । मुलुक आर्थिक समस्यामै परिरहेका बेला बेरूजु रकम बढ्दै जानुले भ्रष्टाचारले कति बलियोसंग जरा गाडेको रहेछ भन्ने प्रमाण पनि हो । यदि बेरूजुको आधा रकम मात्रै तत्काल उठाउन र बेरूजु रहेका कर असुल्न सकियो भने मुलुकको अवस्थामा एकैपटक ठुलो परिवर्तन आउनेछ । तर, यसका लागि सरकारमा बस्नेहरूमा राष्ट्रिय जिम्मेवारीबोध हुनु आवश्यक छ ।

# प्रम दाहालको चीन भ्रमण र विकास साझेदारीको प्रश्न



डा. केशव देवकोटा

प्रधानमन्त्री पुष्पकमल दाहाल आज असोज चार गते अमेरिकाको न्युयोर्कमा जारी संयुक्त राष्ट्रसंघको महासभामा सम्बोधन गरेर भोली असोज पाँच गते अमेरिकाबाट सिधै चीनको हाङ्जाओ जाने कार्यक्रम छ। प्रम दाहालले असोज छ गते चीनका राष्ट्रपति सीसँग हाङ्जाओमा भेट्ने र सोही दिन हुने एशियन खेलकुदको उद्घाटन समारोहमा सहभागी हुने कार्यक्रम छ । त्यसैगरी उहाँले चीनका प्रधानमन्त्री लि छ्याङलाई असोज आठ गते बेइजिङमा भेट्नुहुने छ । प्रधानमन्त्रीका हैसियतमा दाहालको यो तेश्रो चीन भ्रमण हो । प्रम दाहालको चीन भ्रमणका कुनै खास एजेण्डाहरु रहेका छैनन् । उहाँले आफूले चीन भ्रमणका बेला नेपाल र चीनबिच विद्यमान द्विपक्षीय सम्बन्ध थप उच्च र प्रगाढ बनाउने बताउनु भएको छ ।

प्रम दाहाल चीनमा रहँदा छोङछिङ महानगरपालिकामा रहेको छोङछिङ एकेडमी अफ एग्रिकल्चरल साइन्सलगायत विज्ञान तथा प्रविधि विकासका क्षेत्रहरुको अवलोकन गर्ने कार्यक्रम रहेको छ । त्यसपछि उहाँ नेपालसँग सीमा जोडिएको चीनको स्वशासित क्षेत्र तिब्बतको भ्रमणमा जाने र त्यहाँका उच्चपदस्थ अधिकारीहरुसँग भेटवार्ता गरी नेपाल फर्कने कार्यक्रम रहेको छ । प्रम दाहाल अमेरिका भ्रमणमा जानुअघि काठमाडौंमा भएका बिभिन्न कार्यक्रमहरुमा उहाँलाई चीन भ्रमणबारेका कतिपय सुझावहरु पनि प्राप्त भएका थिए । जसमा मुख्यत यसअघि संझौता भइसकेका नेपालले चीनका बन्दरगाहहरु प्रयोग गर्ने, बिआरआईको कार्यान्वयनलाई तीब्रता दिने र नेपाल र चीनबिच भएको ब्यापार संझौतालाई कार्यान्वयनमा लाने कुराहरु रहेका थिए । त्यसैगरी प्रम दाहालको चीन भ्रमणको पूर्बसन्ध्यामा नेपालका लागि चिनियाँ राजदूतले नेपाल र चीनबिचको विकास साझेदारीका बिषयमा महत्वपूर्ण कुरा उठाउनु भएको थियो । उहाँले त्यसक्रममा ब्यापारका साथै कृषिका क्षेत्रमा पनि सहयोग गर्न सक्ने खुलाशा पनि गर्नुभएको थियो । प्रम दाहालले सो कुरालाई के कति गंभिररुपमा लिनुभएको छ र वार्तालाई कसरी अगाडि बढाउनु हुन्छ ? त्योभने प्रतीक्षाकै बिषय छ । सन् २०१६ को मार्चमा तत्कालीन प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणकाक्रममा नेपाल र चीनबिच यातायात तथा पारवहन सम्झौतामा हस्ताक्षर भएको थियो । जसअनुसार चीनले नेपाललाई बेइजिङ नजिकैको थियानचिन, च्याङ्सु प्रान्तको लियानयुनकाङ, क्वाङ्तोङ प्रान्तको पश्चिममा पर्ने चानचियाङ र सन्चन बन्दरगाहहरु प्रयोग गर्ने अनुमति दिएको छ ।

चीनले अन्य सामुद्रिक बन्दरगाह पनि नेपालले निर्वाधरुपमा प्रयोग गर्न पाउने भनेको छ । त्यसैगरी चीनका तीनवटा सुक्खा बन्दरगाह सिगाच्छे, ल्हासा र लान्चौ पनि नेपालले प्रयोग गर्न पाउने सहमति भैसकेको छ । संझौताअनुसार नेपाल र चीनबिच तातोपानी, केरुङ, किमाथाङ्का, कोरला, यारी र ओलाङ्चुङगोला गरी छवटा नाकाबाट व्यापार गर्न पाउने भनिएको छ । नेपालले चीनसँग यातायात तथा पारवहन सम्झौता गरेपछि भारतीय भूमि नछोइकन समुद्रसम्म नेपालको पहुँच स्थापना भएको छ । जबकी भारतले नेपाललाई कलकत्ता र विशाखापट्नम बन्दरगाहमात्र प्रयोग गर्ने सुविधा दिँदैआएको छ । प्रधानमन्त्री दाहालको चीन भ्रमण सुरु हुनुअघि भारतले नेपालको सीमा नाकामा १९ वटा भन्सार कार्यालय स्थापना गर्ने नयाँ निर्णय सार्वजनिक गरेको छ । भारतीय गृहमन्त्री अमित साहले बिहारका बिभिन्न १० स्थानमा भन्सार कार्यालय स्थापना गर्ने बताइसक्नु भएको छ । जसलाई नेपालसँगको अन्तर्राष्ट्रिय व्यापार सुदृढ बनाउने कुरासँग जोडिएको छ । बताइएअनुसार खुल्न लागेका नयाँ ल्याण्ड कस्टम स्टेसन (एलसीएस) ले ट्रान्जिट, भन्सार सेवा, अध्यागमन सेवा र कार्गो ह्याण्डलिङ गर्नेछन् ।

त्यसैगरी नेपाल-भारतबिच हुने वस्तु आयात-निर्यात र यात्रुको आवत-जावतमा समेत ती कार्यालयले सेवा प्रदान गर्ने भनिएको छ । ल्याण्ड पोर्ट अथोरिटी अफ इन्डियाले नेपाल र भारतबिचको व्यापारमा महत्वपूर्ण भूमिका खेलिरहेको जनाएको छ । भारत सरकारले नेपालसँगको व्यापारलाई बढवा दिनका लागि कोअर्डिनेसन, कोअपरेशन र कोल्याब्रेसनको एजेन्डा अघिबढाइरहेको समेत बताइएको छ । तर भारतीय बन्दरगाहबाटभन्दा चिनियाँ बन्दरगाहबाट हुने नेपालको अन्तराष्ट्रिय आयात-निर्यात छिटो छरितो र शुलभ हुनेभएको छ । गत भाद्रमा चीनको तियान्जेन सामुद्रिक बन्दरगाह प्रयोग गरेर भियतनामबाट नेपालका लागि आयात गरिएको बेसार बोकेको कन्टेनर तातोपानी नाकाहुँदै ११ दिनमै नेपाल प्रवेश गरेको थियो । जबकी सो सामान भारतीय बन्दरगाहबाट ल्याइएको भए ४५ दिनसम्म लाग्नसक्ने अवस्था थियो । पछिल्लो समयमा नेपाल चीन चेम्बर अफ कमर्सले नेपाली ब्यापारीहरुलाई चीनतर्फका बन्दरगाह प्रयोग गर्न सुझाव दिंदैआएको छ । तर नेपालको हालको सरकारले तत्काल चिनियाँ बन्दरगाह प्रयोग गर्ने सोच बनाएको देखिएको छैन । हालका शासकहरु नेपाललाई एकलौटी भारतीय बजार कसरी बनाउन सकिन्छ भन्ने प्रयासमा रहेको देखिएको छ ।

चीनबाट सामान आयात गर्दा धेरै ठुलो खर्च नलाग्ने, बन्दरगाह शुल्क पनि कम रहेको, कन्टेनर सफा गर्ने शुल्क पनि एकदमै कम रहेको बताइन्छ । चीनमा तीन दर्जनभन्दा बढी मुख्य र ठुला बन्दरगाहकासाथै केही साना बन्दरगाह पनि रहेका छन् । क्वाङचौ, शाङहाई, थिआनचिन, सनचनलगायतका बन्दरगाहबाट नेपालले बेलाबखत कारोवार पनि गर्दैआएको छ । थिआनचिन केरुङ आइपुग्न सबैभन्दा नजिकको बन्दरगाह मानिन्छ । प्रधानमन्त्री दाहालले आफ्नो यस पटकको चीन भ्रमणकाक्रममा नेपाल र चीन बिचको द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउनुका साथै नेपालको पूर्वाधार विकास, कृषि, उर्जा, पर्यटन, स्वास्थ्य, शिक्षालगायत बिविध क्षेत्रमा छिमेकी मित्रराष्ट्र चीनबाट प्राप्त हुनसक्ने सहयोगबारे छलफल गर्ने बताउनु भएको छ । उहाँले द्वीपक्षीय व्यापार नाका र परम्परागत सीमा नाकाहरु खोल्ने विषयमा समेत कुराकानी हुने दाबिसमेत गर्नुभएको छ । त्यसैले अबका दिनमा नेपाल र चीनबिच विकास साझेदारी अगाडि बढ्ने अपेक्षा पनि गरिएको छ । प्रम दाहालले चीनको भ्रमणका क्रममा नयाँ सन्धी संझौता गर्नुभन्दा पनि यसअघि भएका सम्झौता र समझदारीहरुको कार्यान्वयनमा जोड दिनु बढि उपयुक्त हुने देखिएको छ । प्रधानमन्त्री दाहालको भ्रमणकाक्रममा चीनले बिआरआईसहित आफ्ना सुरक्षा र विकाससम्बन्धी अवधारणाहरुमा नेपालको समर्थन खोज्ने निश्चित छ । खासमा भन्ने होभने नेपाल र चीनका बिचमा परियोजनाहरुभन्दा पनि मित्रता महत्वपूर्ण पक्ष हो । चीनले यसअघिदेखि नै नेपाललाई आफ्नो मुठी फुकाएर सहयोग गर्दै आएको कुरालाई नजर अन्दाजगर्न सकिंदैन र मिल्दैन पनि । पछिल्लो समय चर्चामा रहेको केरुङ-रसुवागढी-काठमाडौं रेलमार्ग खासमा नेपालको रणनीतिक स्वायत्तता र पारवहनको बिविधिकरणका लागि धेरै महत्वपूर्ण रहेको छ । नेपाल अल्पविकसित भइरहनुको प्रमुख कारण श्रोतको अभाव हो । यो कुरालाई सबैले बुझेका पनि छन् । चीन र भारतजस्ता मुलुकको बिचमा रहेको नेपालले सन्तुलनकारी भूमिका निर्वाह गर्नसक्ने होभने श्रोतको कुनै समस्या हुँदैन । नेपालले सर्बप्रथम आफूलाई असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिमा अडिग राख्न सक्नुपर्दछ । नेपालले आफ्ना दुई छिमेकी र अन्य बिभिन्न शक्तिराष्ट्रसँगको सम्बन्धलाई कुन हिसाबले अगाडि बढाउनेभन्ने सम्बन्धमा राष्ट्रिय सहमति कायम गरी सरकारपिच्छे ढलपल नहुनेगरी अगाडि बढाउन आवश्यक छ । तर नेपालमा ०६३ को परिवर्तनपछि असंलग्न परराष्ट्र नीति र छिमेकी नीति सरकारैपिच्छे लडखडाएको देखिएको छ ।

नेपालको छिमेकमा २० ट्रिलियन डलर (२०० खर्ब) को अर्थतन्त्र भएको चीन र चार ट्रिलियन डलर अर्थतन्त्र भएको भारत छन् । उनीहरुसँग सन्तुलनकारी भूमिका निर्वाह गर्नसक्ने होभने श्रोतका लागि अन्यत्र मुख ताक्नुपर्ने अवस्था नै आउँदैन । केवल चीन र भारतसँग के के बिषयमा कसरी सहयोग प्राप्त गर्नेभन्ने दृढ नीति र स्पष्ट कार्यक्रमहरुको आवश्यकता छ । तर नेपालको खासगरी नेपाली कांग्रेस र माओवादी केन्द्र सम्मिलित सरकारहरुले जहिले पनि चीनलाई उपेक्षा गर्नेगरेको देखिएको छ । यो राम्रो प्रबृत्ति होइन । सरकारमा रहनेहरुका आआफ्ना विदेशी संलग्नता होलान । तर छिमेकी देशसँगको सम्बन्ध भनेको देशकै साझा मामिला हो । त्यसैले कसैलाई ठुल्दाई र कसैलाई पराइको ब्यवहार गर्न मिल्दैन । प्रम दाहालले आफ्नो चीन भ्रमणकाक्रममा उसलाई कसरी बिश्वासमा लिन सक्नुहुन्छ, त्यसैबाट चिनियाँ सहयोग निर्भर हुन्छ । तर एउटा के स्पष्ट छभने नेपालले चाहेर वा नचाहेर पनि चीन र भारतका बिचमा सन्तुलनकारी भूमिका निर्वाह गर्नैपर्दछ । दुबै छिमेकीले नेपाललाई सहयोग गर्नैपर्दछ । त्यसैले हालको अवस्थामा चीन र भारत दुबैतर्फका बन्दरगाह तथा नाकाहरुको प्रयोगलाई खुल्ला गरिनु पर्दछ । साथै चीनसँग तत्काल विकास साझेदारीको औपचारिक घोषणा जरुरी छ ।

# फेसबुकबाट धम्की दिनेलाई १ वर्ष कैद

**टेलिफोन वा फेसबुकबाट धम्की दिनेलाई १ वर्ष कैद वा १० हजार जरिवानाको व्यवस्था गरिएको छ । कसैलाई डर त्रास, हैरानी दिने, अपमान गर्ने, बेइज्जत गर्ने उद्देश्यले चिठीपत्र, पर्चा वा कुनै लिखत लेखाउने र विद्युतीय माध्यमबाट धम्की दिने, सताउने जिस्क्याउने वा अनुचित व्यवहार गर्नेलाई यस्तो सजायको व्यवस्था गरिएको छ**



बिष्णु गिरी 'निश्चल'

वैयक्तिक गोपनियता तथा प्रतिष्ठाविरुद्धको कसूरअन्तर्गत अर्काको कुरा सुन्न नहुने, अनुमतिबिना कुनै व्यक्तिको तस्विर खिच्न वा तस्विरको स्वरुप बिगार्न नहुने, चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, हैरान पार्ने बदिनयतले चिठ्ठी पत्र लेख्न नहुने लगायतका कुरा समेटिएको छ ।

नेपालको संविधानले सबै नागरिकलाई गोपनियताको हकको ग्यारेन्टी गरेको छ । अर्थात व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनअनुसार बाहेक कसैले अतिक्रमण गर्न पाइने छैन । त्यसैले ऐनले अर्काको कुरा सुन्ने र अनुमतिविना रेकर्ड गर्नेलाई २ वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवानाको सजाय तोकिएको छ । यस्तै अनुमति बिना कसैको फोटो खिच्न पनि कानुनले निषेध गरेको छ । कसैको फोटो खिच्न वा अरु फोटो जोड्न पनि कानुनले प्रतिबन्ध लगाएको छ । यस्तो कसुर गरेमा १ वर्ष कैद वा १० हजार जरिवाना गरिएको छ । सार्वजनिक स्थानको फोटो खिच्दा कसैको फोटो देखिएमा भने कानुन नलाग्ने ऐनमा उल्लेख छ । कसैको तस्विर अर्कैको तस्विरसँग जोड्न नपाईने तथा विकृत रुपको तस्विर बनाउन र कसैको तस्विर जोडेर कार्टुन बनाउन नपाइने पनि ऐनमा उल्लेख छ । अब त्यस्तो कसुर गर्नेलाई २ वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय गरिने व्यवस्था छ । यस्तै अरुलाई हैरान पार्ने नियतले फोटोको दुरुपयोग गरेमा ३ वर्षसम्म कैद वा ३० हजार जरिवाना वा दुबै सजाय हुने व्यवस्था पनि ऐनले गरेको छ । कसैले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह पनि गर्न नहुने ऐनमा उल्लेख छ । यदि यस्तो कसुर गर्नेलाई २ वर्ष कैद वा २० हजार जरिवाना वा दुबै सजाय हुने व्यवस्था ऐनले गरेको छ ।

यसैगरी टेलिफोन वा फेसबुकबाट धम्की दिनेलाई १ वर्ष कैद वा १० हजार जरिवानाको व्यवस्था गरिएको छ । कसैलाई डर त्रास, हैरानी दिने, अपमान गर्ने, बेइज्जत गर्ने उद्देश्यले चिठीपत्र, पर्चा वा कुनै लिखत लेखाउने र विद्युतीय माध्यमबाट धम्की दिने, सताउने जिस्क्याउने वा अनुचित व्यवहार गर्नेलाई यस्तो सजायको व्यवस्था ऐनमा गरिएको छ । अनुमति नलिई अरुको घरमा छिर्नेलाई ३ वर्षसम्म कैद वा ३० हजार जरिवानाको व्यवस्था गरिएको छ ।

गोपनीयताबिरुद्धका कसुरका सन्दर्भमा दफा २९३ देखि दफा ३०३ सम्म गरेका व्यवस्था यस प्रकार छन् । अर्काको कुरा सुन्न वा ध्वनी अङ्कन गर्न नहुनेः (१) कसैले दुई वा दुईभन्दा बढी व्यक्तिहरुका बिचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरुको मञ्जुरी विना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनी अङ्कन गर्न हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । तर सार्वजनिक रुपमा गरिएको भाषण वा वक्तव्यको हकमा यो दफा लागू हुने छैन । गोप्य कुरा प्रकट गर्न नहुनेः (१) कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको कुनै गोप्य कुरा कानूनले वाध्य गराएको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक कसैलाई पनि प्रकट गर्न हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

अनुमति विना कुनै व्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरुप बिगार्न नहुनेः (१) कसैले कुनै व्यक्तिको अनुमतिबिना निजको तस्वीर खिच्न वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाउन हुँदैन । तर कसैले कुनै सार्वजनिक स्थानको तस्वीर खिच्दा त्यस्तो स्थानमा रहेको कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएको रहेछ भने यस दफाबमोजिम कसूर गरेको मानिने छैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । (३) कसैले एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपको तस्वीर बनाउन वा प्रकाशन गर्न हुँदैन । (४) उपदफा (३) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । अनुमति विना एकको तस्वीर अरुलाई दिन वा बिक्री गर्न नहुनेः (१) कसैले कुनै व्यक्तिको तस्वीर निजको अनुमति विना अरुलाई दिन वा बिक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिद बिक्री गर्न हुँदैन । (२) उपदफा (१) बमोजिको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तिस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुनेः (१) अधिकार प्राप्त अधिकारी वा सम्बन्धित व्यक्तिको अनुमतिबिना कसैको चिठ्ठी खोल्न वा अरुले टेलिफोनमा गरेको कुरा कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर बिचमा सुन्न वा ध्वनी अङ्कन गर्न हुँदैन ।(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गर्न नहुनेः (१) कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृत रुपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रुपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुनेः (१) कसैले आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न गराउन हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । हैरान पार्ने बद्नियतले चिठ्ठी पत्र लेख्न नहुनेः (१) कसैलाई डर, त्रास वा दुःख वा हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठ्ठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गर्न वा गराउन हुँदैन । (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । अरुको शरीर खानतलासी गर्न नहुनेः (१) कानुनबमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेश वा सुरक्षाको प्रयोजनका लागि खटिएको व्यक्तिले अधिकार प्राप्त अधिकारीको अनुमतिले बाहेक कसैले सम्बन्धित व्यक्तिको स्वीकृतिबिना अरुको शरीर, सवारी साधन वा निजी प्रयोगका वस्तुहरुको खानतलासी गर्न वा गराउन हुँदैन ।

*(लेखक अधिवक्ता हुनुहुन्छ)*

# प्रजातन्त्र र लोकतन्त्रले कमाइदिएको सम्पत्ति बेइज्जति



गोविन्द अधिकारी

मानिस अवस्थाले भन्दा पनि सोचाईले दरिद्र हुन्छ भन्ने उदाहरण नेपालका ठुला र पुराना मानिएका तीन राजनीतिक दलका नेता, कार्यकर्ता र अनुयायीहरुले पेश गरेका छन् । देशको अर्थतन्त्र साउनको एक महिनामा नै एक खर्ब १६ अर्ब रेमिट्यान्स भित्रिएकोले बलियो भयो भनेर गर्व गर्नु भनेको दरिद्र सोचको उपज हो । आत्मनिर्भर हुनेगरी अर्थतन्त्र सुदृढ र सवल भइदिएको भए गर्व गर्नु स्वभाविकै होला । तर, नेपाली युवा युवतीले श्रम, सिप र पसिना बगाएर कमाएको पारिश्रमिक भित्रियो भनेर गर्व गर्नु सोचाईको दरिद्रता हो । यसले मुलुकको अर्थतन्त्रले कुन हदसम्म अद्योगति पछ्याईसकेको रहेछ भन्ने कुराको पुष्टि गर्छ । ज्यालाबहनीको रकम भित्रिंदा गर्व गर्नु पर्ने अवस्था भनेको गए गुज्रिएको अवस्था हो ।

राणहरु ब्रिटिश सेनामा भर्ती भएका सेनाले आफ्ना परिवारका लागि पठाएको रकमको पछिल्लो अंक काटेर बाँकि परिवारलाई दिई कट्टा रकम आफूले जम्मा गरेर समेत धन जम्मा गर्थे भन्ने भनाई इतिहासकारको छ। त्यस्तै उद्योगधन्दा, कृषि उत्पादन र अन्य स्रोतबाट रकम नआउने भईसकेपछि नेपालीको श्रम सीप र पसीनाको कमाई भित्रिंदा समेत वर्तमान शासकहरु गर्व गर्न थालेका छन् । यसलाई श्रम सीप र पसीनाको दोहनको रुपमा लिईदिंदा पनि अन्यथा हुँदैन । स्वदेशको विकासमा खर्चिन पर्ने युवा शक्तिको श्रम, सिप र पसीना विदेशको विकासमा खर्चिने अवस्था ग्लानीको विषय हो, गर्वको होइन ।

विश्वका विकसित मुलकहरु आफ्ना उत्पादनका लागि बजार खोज्न विश्वभर भौतारिएका छन् । अन्य मुलुकको कुरा छाडिदिने हो भने पनि सन १९८० पछाडि आर्थिक रुपमा सम्पन्न हुँदै आएको चीन नै विश्व बजार खोजिरहेको छ । हाम्रा मुलुकका शासकहरु भने युवा शक्तिलाई श्रम, सिप र पसीना बगाउन रोजगारीको बजार खोजिरहेका छन । जसले गर्दा मृत आमा बाबुको काज किरिया गर्न समेत छोराहरु नआउन्जेल लाश कुहाएर राख्नु पर्ने बाध्यता छाएको छ ।

२०४८ सालमा निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोईराला हरारे सम्मेलनमा अनुदान र ऋणका लागि विकसित मुलुकहरुसँग हारगुहार मागिरहेका थिए । भारतका प्रधानमन्त्री भने सोही सम्मेलनमा उत्पादनका लागि बजारको माग गरिरहेका थिए । वितेका ३०/३२ वर्षमा नेपाल आर्थिक रुपमा टाट पल्टिंदै गएको छ । तर भारत भने विश्वको तेस्रो चौथो शक्ति राष्ट्र बन्ने दौडानमा छ । यसबाट पनि नेपाली शासकहरुको योग्यता क्षमता र सामर्थ्यको पहिचान हुन्छ । त्यत्तिकै उत्पादनका लागि बजार खोज्न होईन मानव तस्करीका लागि बजार खोज्न पर्ने अवस्था आएको होइन ।

नेपालको स्रोत साधनको दुरुपयोग गरेर राजनीतिक दलका नेता कार्यकर्ताहरु धनाढ्य बनिरहेका छन् । विगतमा चप्पल लगाएर सिंहदरबार पसेकाहरु अहिले आलिशान महलमा बसेर प्राडो पजेरोमा सयर गर्दै विलाशी जीवन यापन गरिरहेका छन् । जबकी राजधानीका विभिन्न स्थानमा दाताले दिएको खाना खान विपन्नहरु लाम लागिरहेको दृश्य यतिबेला देख्न पाइन्छ । हुन त स्थानीय तहका पदाधिकारीहरुले समेत तीन चारवटा महल खडा गरे भनिने गरेको छ भने संघीय संसद र सरकारमा पुगेकाहरुले महल ठड्याउँन प्राडो पजेरो चढ्ने हैसियत बनाउन आश्चार्यको विषय पनि होइन ।

अवस्था सुधारेर इज्जतमा गर्व गर्नको सट्टा शासन सत्तामा बस्नेहरु नै मानव तस्करी गरेर बेइज्जती कमाइरहेका छन् भन्ने पुष्टि त नेपालीलाई भूटानी बनाएर अमेरिका पठाएको नक्कली भूटानी शरणार्थी काण्डले गरिदिएको छ । अमेरिकाले नक्कली भूटानी बनाउनेहरुलाई कारवाही गर भनेर दबाब दिनपर्ने अवस्थाले देशको इज्जत प्रतिष्ठा पक्कै जोगाएको छैन । त्यस्तै ललिता निवास जग्गा हिनामिना काण्डको फाईल खोल्दा त्यस्तो काण्ड मच्चाउने पनि देशको प्रधानमन्त्री भइसकेका व्यक्तिहरु नै रहेछन भन्ने पनि पुष्टि भइसकेको छ । त्यतिमात्र होईन पैसा कमाउन नेपालका शासन सत्तामा पुग्नेहरु क्रिश्चियन धर्मको लोगो क्रस कोटमा भिरेर समेत हिंड्ने गर्दा रहेछन भन्ने उदाहरण पनि माधव कुमार नेपालको कोटमा झुण्ड्याइएको क्रस चिन्हले नै पेश गरेको छ । सनातन धर्म संस्कार र संस्कृति निर्मुल पारेर आयातित धर्म संस्कृति र संस्किार भित्र्याउने कार्य पनि नेताहरुको आयस्रोत रहेछ । अग्रजले नै बाटोमा मलमुत्र त्याग्न थालेपछि पछ्याउनेहरुले मलमुत्र त्याग्नु अर्घेल्याईं पनि होइन ।

पहिला पहिला सुन तस्करी हङकङको व्यापार गर्नेहरुले गर्थे । यतिबेला क्विण्टलका क्विण्टल सुन तस्करी देशका नेताहरुले पो गर्दा रहेछन् । आफूले मात्र नभएर आफ्ना छोराहरुलाई समेत उच्च पदस्थहरुले तस्करी र भ्रष्टाचारको प्रशिक्षण दिइसकेका रहेछन भन्ने कुरा पनि सार्वजनिक भइसकेको छ । द्रव्य पिचास मानसिकता भएकाहरुले आफ्नो इज्जत त माटोमा मिलाए मिलाए देशको इज्जत समेत कसरी माटोमा मिलाउँदै रहेछन भन्ने कुराको उदाहरण पनि मानव तस्करी र सुन तस्करी काण्डले नै पेश गरिसकेका छन् ।

नेपालीहरु तीन चार दशक अघिसम्म विश्व कै इमानदार भनेर पहिचान बनाएका थिए । लागु औषध र सुन तस्करीका कारणले पछिल्लो समय अन्तराष्ट्रिय विमानस्थलहरुमा सर्वसाधारण नेपालीहरुको खानतलाशी गरिन्थ्यो । अब त नेपाली नेताहरुकै खानतलाशी गर्नपर्ने बाध्यता पर्न थालेको छ । इज्जत नभएका नेताहरुले नेतृत्व गरेको देशका जनताको इज्जत हुने कुरै भएन । त्यसैले प्रजातन्त्र र लोकतन्त्रले कमाइदिएको नेपालीको सम्पत्ति भनेको बेइज्जति हो भन्नु पर्ने दिन आउन थालेको जस्तो छ ।

# बिपी साहित्य सम्मलेन महोत्सव

काठमाडौं । नेपाली कांग्रेसको ११०औं स्मृति दिवसको अवसरमा नेपाली कांग्रेसले आयोजना गरेको बिपी साहित्य सम्मेलनको स्थगित तेश्रो दिनको कार्यक्रम बुधबार शुरु भएको छ ।

नेपाली कांग्रेसको मुख्यालय बी.पी.स्मृति भवनमा बुधबारको कार्यक्रमको प्रारम्भ त्रिभुवन विश्वविद्यालयका पूर्वउपकूलपति तथा जापानका लागि पूर्व नेपाली राजदूत डा. केदारभक्त माथेमाले ‘बिपीको समाजबादी परिकल्पनामा शिक्षा’ विषयमा करिव एक घण्टा लामो सम्भाषण प्रस्तुत गरे ।



सो अवसरमा बोल्दै शिक्षाविद् डा. माथेमाले नेपाली साहित्यका एक नक्षत्र बिपीको क्षमता कला, संस्कृति, राजनीति, साहित्य र समाजको क्षेत्रमा अतुलनिय योगदान भएको जनाउँदै पूर्वअमेरिकी राष्ट्रपति टमक जेफर्सनसँग बिपीको तुलना गरे ।

‘बीपीले परिकल्पना गरेको शिक्षा भनेको समानता, सामाजिक न्याय, सार्वजनिक, सहज, समान अवसर र व्यवहारिकतामा आधारित थियो । शिक्षालाई विद्यार्थीले एउटा शैक्षिक तह उतिर्ण गर्ने माध्यम, अभिभावकले रोजगार प्राप्त गर्ने साधन, समाजले बौद्धिक र समाजअनूकुलको माध्यमको रुपमा लिने गर्छ । तर एउटा राजनेताले शिक्षालाई समाज बदल्ने साधनको रुपमा लिन्छ । बीपी त्यही राजनेता हुनुहुन्थ्यो’, डा. माथेमाले भने ।

उनले शिक्षा समान कहिल्यै हुँदैन, यसमा राजनीति हुन्छ तर राजनीतिकको हस्तक्षेपबाट र शिक्षाको ब्यापारिकरणबाट शिक्षालाई अलग गर्न सक्नु पर्ने बताए । नेपालसहित दक्षिण एसियाली मुलुकमा शिक्षामा अधिक व्यापारीकरण हुने गरेको भन्दै डा. माथेमाले नेपालका सन्तानलाई शिक्षाको लागि अभिभावकहरुले जीवनभर कमाएको आम्दानीको ५० प्रतिशतसम्म खर्च गर्ने गरेको बताए ।

उनले भने, ‘शिक्षामा अधिक लगानी गर्नु पर्दा स्रोत जुटाउनकै लागि नेपालमा भ्रष्टाचार हुने एउटा कारण हो । बिपीले सृजनशिलता र नविन शिक्षाको एवम् सबैका लागि शिक्षा, हस्तक्षेपरहित र स्वातन्त्र शिक्षा संस्थाको कल्पना गर्नु भएको थियो । हाल नेपालका विश्वविद्यालयहरुमा राजनीतिक हस्तक्षेप चरम रुपमा छ । उपकूलपति र विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा भागबण्डा र राजनीतिक हस्तक्षेपले शिक्षा क्षेत्र भताभुंग भएको जनाउँदै डा. माथेमाले परिक्षा दिएर उतिर्ण हुने र जागिर खानका लागि मात्र शिक्षा प्रदान गर्ने प्रणालीमा सुधारको खाँचो औंल्याउनु भयो ।

# कान्तिपुर मिडिया ग्रुपको प्रबन्ध निर्देशकमा सिरोहिया



काठमाडौं । कान्तिपुर मिडिया ग्रुपको प्रबन्ध निर्देशकमा सम्भव सिरोहिया नियुक्त भएका छन् । सञ्चालक समितिको सोमबारको बैठकले नियुक्तिको निर्णय गरेको हो । उनी कान्तिपुर मिडिया ग्रुपका पूर्वसीईओसमेत हुन् । यसअघि अध्यक्ष कैलाश सिरोहियाले नै प्रबन्ध निर्देशकको समेत जिम्मेवारी सम्हाल्दै आएका थिए । नवनियुक्त प्रबन्ध निर्देशकलाई शुभकामना दिँदै अध्यक्ष सिरोहियाले ‘टिम स्पिरिट’ मा काम गर्दा कान्तिपुर देशको अग्रणी सञ्चारगृह बनेकाले आगामी दिनमा पनि त्यही परम्परा पछ्याउने बताए ।

उनले संस्थाको अभिभावकका रुपमा आफूसँगै रहने उल्लेख गर्दै नयाँ नेतृत्वले चुनौतीबीच नयाँ योजनाका साथ काम गर्ने विश्वास व्यक्त गरे । ‘३१ वर्षसम्म निरन्तर कार्यकारी नेतृत्वमा रहनु पक्कै पनि चुनौतीपूर्ण थियो, तर टिमको सक्रिय सहकार्यले कान्तिपुरले यो उचाइ प्राप्त गरेको हो । नयाँ नेतृत्वले पनि सबैको साथ पाउनेमा म विश्वस्त छु,’ अध्यक्ष सिरोहियाले भने ।

उनले अहिले संसारभर मिडिया उद्योगहरूमा चुनौती आइरहेकाले पत्रकारितालाई जोगाउने जिम्मेवारी आफूहरूले स्विकारेको बताए । ‘अहिले हाम्रो समूहका पत्रिका, रेडियो, अनलाइन र टीभी मात्र होइन, समग्र पत्रकारिता नै जोगाउनु पर्नेछ, तर हामी यो सबै सामना गरेर नयाँ उचाइमा लैजान चाहन्छौं’ उनले भने, ‘यसका लागि पत्रकारिताको मूल धर्म कायम राख्दै त्यसलाई अझ प्रविधिमैत्री पनि बनाउँछौं ।’

# ‘आइएमई गरौं, करोडपति बनौं’ योजना सार्वजनिक




काठमाडौं । रेमिटेन्स सेवा प्रदायक कम्पनी आईएमईले विदेशमा कमाएको रकम औपचारिक माध्यम-रेमिटेन्स मार्फत रकम पठाउन थप प्रोत्साहन गर्ने उद्देश्यले ‘आईएमई गरौं, करोडपति बनौं’ योजना सार्वजनिक गरेको छ । आईएमई गरी रकम पठाउने सेवाग्राहीहरूमध्ये एक जनाले १ करोड रुपैयाँ नगद जित्ने छन् । सँगसँगै प्रत्येक महिना एक जनाले १ लाख नगद रुपैयाँ पनि पाउने छन् । यसै गरी दसैं,तिहार तथा छठ पर्वमा १८ सय सेवाग्राहीले थप आकर्षक उपहार प्राप्त गर्ने छन् ।

आईएमई गरी आइएमई पे वालेट र बैङ्क खातामा जम्मा गर्ने तथा आईएमई काउन्टरमा रकम पठाउने सेवाग्राहीहरू यो योजनामा सहभागी हुन पाउने छन् । यो योजना २०८० असोज २ गते देखि २०८१ भदौ मसान्तसम्म लागु हुने छ ।


रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कास्की, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ‘कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ‘कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तनहुँ, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ‘कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

## ग्लोबल आइएमई बैंकको कार्यकारी अधिकृतमा रेग्मी



काठमाडौं । ग्लोबल आइएमई बैंकको वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतमा सुरेन्द्रराज रेग्मी नियुक्त भएका छन् । ग्लोबल आइएमई बैंकको सञ्चालक समितिले रेग्मीलाई २०८० असोज १ गतेदेखि लागू हुने गरी वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतमा बढुवा गरेको हो ।

करिब तीन दशकदेखि बैंकिङ क्षेत्रमा कार्यरत रेग्मी २०६५ बैशाखमा नायव प्रबन्धक तहबाट ग्लोबल आइएमई बैंकमा प्रवेश गरेका थिए । बैंकमा विगत १५ वर्षदेखि कार्यरत रेग्मी यसअघि नायव प्रमुख कार्यकारी अधिकृत थिए । उनीसँग बैंकिग क्षेत्रको करिब ३५ वर्ष लामो अनुभव रहेको छ । रेग्मीले त्रिभुवन विश्व विद्यालयबाट एमए (अर्थशास्त्र) तथा बेलायतको युनिभर्सिटि अफ वेल्सबाट एमबीए गरेका छन् । बैंकमा कर्जा व्यवस्थापन, जोखिम तथा नियन्त्रण, बैंकिङ अपरेसन, जोखिम व्यवस्थापन, अनुपालन, शाखा सञ्चालन, सामान्य प्रशासन, एसएमई र खुद्रा व्यापार, मर्जर व्यवस्थापन लगायत समग्र बैंकिङको सुपरिवेक्षण तहमा काम गरिसकेका रेग्मी एक अब्बल बैंकरका रुपमा परिचित छन् ।

## सानिमा बैंक र फ्रन्टलाइन हस्पिटलबीच सम्झौता



काठमाडौं । सानिमा बैंकले पुरानो बानेश्वरस्थित फ्रन्टलाइन हस्पिटलमा छुट दिनेबारे सम्झौता गरेको छ । आफ्ना ग्राहकलाई डिजिटल बैंकिङका माध्यम प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न बैंकले सो छुटको व्यवस्था गरेको जनाएको छ ।

उक्त व्यवस्थाअन्तर्गत सानिमा भिसा डेबिट/क्रेडिट कार्ड तथा सानिमा मोबाइल बैंकिङ एप प्रयोगकर्ताले डिजिटल माध्यमबाट भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन् । ग्राहकले ओपिडी/आइपिडी तथा बेड सम्बन्धी शुल्कमा १३ प्रतिशत, औषधीको शुल्कमा ७ प्रतिशत र सर्जरी शुल्कमा ५ प्रतिशत छुट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ ।

बैंकले यसैगरी ग्राहकलाई विभिन्न छुट तथा अफर प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम् प्रयोग गर्न प्रोत्साहन गर्दै आएको जनाएको छ । बैंकका सातै प्रदेशमा १३२ वटा कार्यालय तथा १२३ वटा एटीएम सञ्चालनमा छन् ।

## एसबिआई बैंक र ओम्नी मोटर्सबीच सम्झौता

काठमाडौं । नेपाल एसबिआई बैंक र ओम्नी मोटर्सबीच सम्झौता भएको छ । उक्त सम्झौता बैंकका प्रमुख कर्जा अधिकृत अर्जुन नेपाल र ओम्नी मोटर्सका तर्फबाट सह निर्देशक उदयन काब्राले हस्ताक्षर गरेका छन् । सो क्रममा बैंकका कर्पोरेट क्रेडिटका प्रमुख विनोद अधिकारी, रिटेल एण्ड एसएमई प्रमुख प्रविण भट्टराई, र कम्पनीका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भएको हो । यस सम्झौताको

नेपाल NEPAL
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

उद्देश्य बैंकको हायर पर्चेज योजनाअन्तर्गत सवारी साधनको फाइनानसिङलाई सहज बनाउन रहेको बैंकले जनाएको छ ।

बैंकले ९४ शाखा, २२ एक्स्टेन्सन काउन्टर, ७ प्रादेशिक कार्यालय तथा १ कर्पोरेट अफिसका साथै १२२ एटिएमबाट आफ्नो सेवा प्रदान गर्दै आएको छ ।

## सिटिजन्स बैंकको ५.७९ प्रतिशत लाभांश स्वीकृत




काठमाडौं । नेपाल राष्ट्र बैंकको स्वीकृति तथा बैंकको आगामी वार्षिक साधारण सभाले पारित गरेपछि लागु हुने गरी यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको आइतबार सम्पन्न ४२८ औं संचालक समितिको बैठकले आर्थिक वर्ष २०७९/८० को नाफाबाट ५.७९ प्रतिशत लाभांश स्वीकृत गरेको छ । सञ्चालक समितिको बैठकले प्रस्ताव गरे अनुसार आ.व २०७९/८० को वितरण योग्य नाफाबाट २०८० आषाढ मसान्तको चुक्तापुंजीको ५.७९ प्रतिशतले हुने लाभांश प्रस्ताव गरिएको छ ।

उक्त प्रस्तावलाई नेपाल राष्ट्र बैंकले स्वीकृति तथा बैंकको आगामी वार्षिक साधारण सभाले पारित गरेपछि सेयरधनीलाई प्रस्तावित लाभांश वितरण गरिने बैंकले जनाएको छ । बैंकको देशैभरी फैलिएको १८८ शाखा, १४८ एटिएम र ९७ वटा शाखा रहित बैंकिग ईकाईबाट १६ लाख ४५ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिग सेवा प्रदान गर्दै आएको छ ।

## राष्ट्र बैंकमा माछापुच्छ्रे बैंकको क्यूआर कोड



काठमाडौं । माछापुच्छ्रे बैंकले नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग बालुवाटारमा क्यूआर कोड सेवा सञ्चालनमा ल्याएको छ । नेपालीहरूको महान चाड बडा दसैंलाई केन्द्रित गर्दै नेपाली नोट सटही गर्न चाहने सेवाग्राही प्रत्यक्ष लाभान्वित हुने गरी डिजिटल भुक्तानी सेवालाई बढावा दिने उद्देश्यले उक्त सेवा सञ्चालनमा ल्याएको बैंकले बताएको छ । उक्त सेवा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक नरेश शाक्य एवम् माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले संयुक्त रुपमा हस्ताक्षर गरी सेवा सुरुवात गरेका हुन् ।

उक्त सेवाबाट नेपाल राष्ट्र बैंकमा नयाँ नेपाली नोट सटही लिन आउने सेवाग्राहीले क्यूआरमार्फत् भुक्तानी गरी सटही सुविधा लिन सक्नेछन् । जसले गर्दा सेवाग्राहीको काम छिटोछरितो हुन गई नगदरहित कारोबारमा समेत टेवा पुग्ने बताइएको छ ।

## ग्राहक सेवाका लागि नेपाल बैंकको कल सेन्टर



काठमाडौं । नेपाल बैंक लिमिटेडले ग्राहक सेवा प्रभावकारी बनाउन अत्याधुनिक कल सेन्टर सेवा सञ्चालनका लागि सेवा प्रदायकसँग सम्झौता गरेको छ । यस सम्झौताले बैंकले ग्राहकका समस्या, जिज्ञासा र कठिनाईलाई तत्काल सम्बोधन गरी समाधान गर्ने तथा वित्तीय सेवासँग सम्बन्धित जानकारी प्रदान गर्ने बैंकले जनाएको छ । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले कल सेन्टरले बैंक र ग्राहकबीचको सेवालाई अझ उत्कृष्ट र सरल बनाउँदै बैंक र ग्राहकसँगको सम्बन्धलाई समयसापेक्ष बनाउन भूमिका खेल्ने बताए ।

## एभरेष्ट बैंक र ओम अस्पतालबीच सम्झौता



काठमाडौं । एभरेष्ट बैंक लिमिटेड र ओम अस्पताल चावहिलबीच बैंकका ग्राहकलाई छुट प्रदान गर्ने सम्झौतामा हस्ताक्षर भएको छ । योसँगै बैंकका सम्पूर्ण ग्राहकले अस्पतालको विभिन्न सेवामा १० प्रतिशतसम्मको छुट पाउने छन् । बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ र अस्पतालका प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले हस्ताक्षर गरेको सम्झौता लागु भएसँगै बैंकका सम्पूर्ण ग्राहक, कार्ड प्रयोगकर्ता साथै कर्मचारी र तिनका परिवारका सदस्यले उक्त अस्पतालबाट फार्मेसी र फिजियो थेरापीमा १० प्रतिशतसम्म र दन्त सेवामा ५ प्रतिशतसम्मको विशेष छुटको लाभ लिन सक्नेछन् ।

## सांग्रिला डेभलपमेन्ट बैंकको प्रभातफेरि

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानिय विकासको आधार
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था (राष्ट्रिय स्तर)

